# लोक सेवा आयोग
## (सूचना सञ्चार तथा प्रविधि शाखा)

**अनलाइन दरखास्त प्रणाली परिमार्जन गरिएको सूचना**

**सूचना नं. ५५४/०७९-८०**

मिति २०७९/६/२६ गते, लोक सेवा आयोगको अनलाइन प्रणालीबाट राजपत्रांकित प्रथम र द्वितीय श्रेणी (अप्राविधिक/प्राविधिक), स्वास्थ्य सेवाका एघारौं र नवौं तह तथा राष्ट्रिय मानव अधिकार सेवाका अधिकृत प्रथम र द्वितीय श्रेणी पदको आ.प्र. खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन गरिएकोमा, उम्मेदवारले अनलाइन आवेदन फारम भर्दा, आवेदन दिएको विज्ञापनमा कुनै सेवा, समूह/उपसमूहमा आवेदन दिन छुट भएकाहरुका लागि थप समूहमा दरखास्त दिन पाउने गरी अनलाइन दरखास्त प्रणाली परिमार्जन गरिएको छ। परिमार्जित दरखास्त प्रणाली अनुसार दरखास्त बुझाइसकेका उम्मेदवारले छुट हुन गएका सेवा, समूह/उपसमूहका विज्ञापनहरुमा अनलाइन प्रणाली लग इन गरी **"सबै आवेदन (All Application)"** मेनु भित्रको **"थप कोटा पुनः आवेदन गर्नुहोस् (Re-apply Additional Quota)"** भन्ने मेनुमा गई दोब्बर दस्तुर तिरी दरखास्त दिने अन्तिम मिति २०७९/७/२२ सम्म आवेदन दिन सकिने व्यहोरा सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**मितिः २०७९/७/२०**